नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २३८ २०८३ साल बैशाख १४ गते सोमबार (27 Apr 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भूकम्पको एक दशकः भत्किएका ... ३ पृष्ठमा : सरकारले ऊर्जा क्षेत्रमा देखेको ... ३ पृष्ठमा : पाकिस्तानमा तय ...

## आँखा तथा कान उपचार शिविरबाट दुई सय भन्दा बढी लाभान्वित



**दैनिक समाचारदाता राजविराज, १३ बैशाख ।**

सप्तरीको महादेवा गाउपालिकामा संचालित एक दिने निःशुल्क आँखा तथा कान उपचार स्वास्थ्य शिविरबाट २ सय भन्दा बढी विरामी लाभान्वित भएका छन ।

आँखा तथा कान सम्बन्धि रोग लागेर आर्थिक अभावका कारण उपचार गर्न नसकेका गरिब बिपन्न परिवारहरुलाई लक्षित गरी उक्त शिवीर संचालन गरिएको हो ।

गायत्री आँखा तथा कान उपचार केन्द्रको आयोजना तथा विराट रानी आँखा अस्पताल मोरंगको प्राविधीक सहयोगमा आईतवार संचालित उक्त शिविरमा ३ सय २० जना विरामीले निःशुल्क उपचार सेवा प्राप्त गरेका हुन ।

शिविरको उदघाटन गर्दै राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले स्वास्थ्य सुचाङ्कमा सप्तरी निकै पछाडी रहेको तथा गरिब र विपन्नताका कारण स्वास्थ्य सेवा नपाई समस्यामा रहेका विरामीहरुलाई यस्ता शिवीरले धेरै हदसम्म सहयोग पुऱ्याउने बताईन ।

शिविरमा गायत्री आँखा तथा कान उपचार केन्द्रका संचालक एवं दृष्टि विशेषज्ञ डा.नन्द किशोर यादवका साथै बिराट रानी आँखा अस्पतालका डा.दिपेश कुमार महतो, डा.इच्छामा लिम्बु सहितको चार सदस्यीय चिकित्सक टोलीले स्वास्थ्य सेवा प्रदान गरेको विराट रानी आँखा अस्पतालका प्रतिनीधी अमित कुमार मण्डलले जानकारी दिए ।

यस्तै सो अस्पतालका अर्का प्रतिनीधी लिला थापा मगरले विरामीको परिक्षण, उपचार तथा औषधी निःशुल्क गरिएको भएपनि आँखा र कानका जटिल प्रकृतिका विरामीको शल्यक्रियामा भने लाग्ने शुल्कमा ५० प्रतिशत छुट सुविधा दिइएको बताईन ।

## वीरगञ्जबाट पेट्रोलियम आयात, साठी अर्ब अठतीस करोड राजस्व संकलन

पर्सा, १३ वैशाख (रासस) ।

चालु आर्थिक वर्षको प्रथम नौ महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु ६० अर्ब ३८ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु ५७ अर्ब ५३ करोड राजस्व प्राप्त भएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार वीरगञ्ज नाकाबाट उक्त अवधिमारु एक खर्ब ४८ अर्ब १६ करोड बराबरका पाँच किसिमका पेट्रोलियम पदार्थ आयात गरेर उक्त रकम राज्यकोषमा दाखिला भएको हो ।

उक्त अवधिमा आठ लाख आठ हजार सात सय ४५ किलोलिटर डिजेल, तीन लाख ५९ हजार आठ सय ४६ किलोलिटर पेट्रोल २२ करोड ४८ लाख ७५ हजार दुई सय ६६ किलोग्राम एपपी ग्यास आयात भएको छ ।

## राजविराज जेसीजको सहकार्यमा रक्तदान सम्पन्न



**दैनिक समाचारदाता राजविराज, १३ बैशाख ।**

"ब्लड फर नेपाल" को आयोजनामा तथा राजविराज जेसीजको सहकार्यमा आइतबार राजविराजमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

राजविराज जेसीजका अध्यक्ष रवी कुमार रायले रक्तदान सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको बताउँदै रक्तदान जीवनदान भएकाले सबै नागरिकले नियमित रूपमा रक्तदान गर्नुपर्नेमा जोड दिए ।

नेपाल रेडक्रस सोसाइटी तथा रक्तसञ्चार सेवा केन्द्र, राजविराजको प्राविधिक सहयोगमा सम्पन्न उक्त कार्यक्रममा जम्मा ७ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रमका संयोजक जय प्रकाश मण्डलको संयोजनमा सम्पन्न उक्त रक्तदान कार्यक्रममा पंकज कुमार यादव, जय प्रकाश मण्डल, राजाबाबु मेहता, दीपक शर्मा, राम आशिष यादव, राजेश कुमार साह र प्रशान्त कुमार साहले रक्तदान गरेका थिए ।

कार्यक्रमले स्थानीय स्तरमा रक्तदानप्रति सकारात्मक सन्देश प्रवाह गरेको आयोजकले जनाएको छ । साथै, भविष्यमा यस्ता कार्यक्रमहरूलाई अझ व्यापक बनाउँदै लैजाने प्रतिबद्धता समेत व्यक्त गरिएको छ ।

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म
२००१/१२/१८

स्वर्गारोहन
२०८३/०१/१०

**स्व. राम बल्लभ लाल कर्ण**

पविमावि राजविराजका सेवानिवृत शिक्षक एवं हाम्रा पुज्नीय गुरु राजविराज निवासी **राम बल्लभ लाल कर्ण**को २०८३ बैशाख १० गते ८१ वर्षको उमेरमा भएको निधनले हामी स्तब्ध भएका छौं । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नवीनकुमार गुप्ता, सन्तोष कुमार दास, नवनित झा, गजेन्द्र कुमार मण्डल, डा. सन्तोष कुमार चमन, इन्द्रसागर गुप्ता**

**पूर्वविद्यार्थी (बि.स. २०५० एसएलसी ब्याच)**

**पविमावि राजविराज, सप्तरी**

## बिपी राजमार्गमा आवागमन बन्द, सवारीसाधन होल्ड

काभ्रेपलाञ्चोक, १२ वैशाख (रासस) ।

दिउँसोको वर्षाका कारण बिपी राजमार्गको जोखिमलाई मध्यनजर गर्दै सुरक्षा निकायले आवागमन बन्द गराइएको छ । जिल्ला प्रहरी कार्यालय धुलिखेलले उक्त राजमार्गन्गर्तत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित कटुञ्जेदेखि रोशीको मङ्गलटार सडकखण्ड दिउँसो ३:३० बजेदेखि बन्द गराएको हो ।

वर्षाका कारण रोशी खोलामा ठूलो बाढी आएकाले सम्भावित जोखिम नहोस् भन्ने हेतुले आवागमन बन्द गराइएको कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रविन विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार राजमार्गको अवस्था बुझेर मात्रै यात्रा गर्न सर्वसाधरणलाई अनुरोध गरिएको छ भने अर्को सूचना जारी नभएसम्म सो खण्डमा यात्रा नगर्न अपीलसमेत गरिएको छ ।

*बाँकी तीन पृष्ठमा*

# नेपालमा आयातित औलोका बिरामी बढी

काठमाडौं, १३ वैशाख (रासस)।

शनिबार विश्व औलो दिवस विविध कार्यक्रम गरी मनाइँदैछ। 'औलो अन्त्य हाम्रो सङ्कल्पः सक्षम छौं, छैन अब विकल्प' भन्ने नाराका साथ दिवस मनाउन थालिएको हो।

औलो एनोफिलिज जातका सङ्क्रमित लामखुट्टेको टोकाइबाट सर्ने परजीवीको कारण हुने एक प्रकारको सरुवा रोग हो। औलो सङ्क्रमित व्यक्तिको ज्यानै जोखिममा पर्ने चिकित्सकको भनाइ छ।

शिशुहरू, पाँच वर्षमुनिका बालबालिका, गर्भवती, किशोरी, एचआइभी तथा एड्स सङ्क्रमित व्यक्तिमा सङ्क्रमणको जोखिम बढी हुने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले बताउनुभयो। औलो सजिलै रोकथाम र उपचार गर्न सकिने भएकाले समयमै उपचार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

**औलोका लक्षण**

ज्वरो आउने, काप छुट्ने, टाउको दुख्ने, असाध्यै थकित महसुस हुने, भ्रमित अवस्था हुने, वेहोस हुने, सास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिने डा दाहालले जानकारी दिनुभयो। नेपालमा औलो निवारणतर्फ उन्मुख रहेको छ। विगत १० वर्षमा स्थानीय औलोको सङ्ख्या करिब ९० प्रतिशतले कमी आएको उहाँले जानकारी दिनुभयो।

नेपालमा आयातित औलोका बिरामी धेरै रहेका इपिडिमियोलोजी डा दाहालले उल्लेख गर्नुभयो। भारतका उच्च जोखिम क्षेत्रमा हुने र अफ्रिकी देशबाट स्वदेश फर्कदा धेरै मानिसले आयातित औलो सङ्क्रमण लिए आउने गरेका उहाँको भनाइ छ। उहाँका अनुसार नेपालमा ९७ प्रतिशत औलोका बिरामी विदेशबाट आएका छन्।

आर्थिक वर्ष २०८१/८२ मा ३९ जनामा स्थानीय औलोर र एक हजार १२५ जना आयातित औलो देखिएको डा दाहालले जानकारी दिनुभयो। आव २०८०/८१ मा २४ स्थानीय र ७६७ जना आयातित, आव २०७९/८० मा २४ स्थानीय र ५०९ आयातित औलोका बिरामी देखिएका उहाँले उल्लेख गर्नुभयो।

शाखा प्रमुख डा दाहालले नेपालमा अहिले औलो जोखिममा केही जिल्ला मात्र रहेका उल्लेख गर्दै सरकारले राष्ट्रिय औलो रणनीतिक योजना (२०२५ देखि २०३०) सम्म सञ्चालन गरेर नेपाललाई औलोमुक्त मुलुक बनाउने योजना अघि सारेको बताउनुभयो। सोही योजनाअनुसार सन् २०२६ सम्म स्थानीय औलोका बिरामीलाई शून्यमा पुऱ्याउने लक्ष्य राखेको छ।

उहाँका अनुसार ४२ वटा वडामात्र औलोको उच्च जोखिममा छन्। हालसम्म विश्वमा ४७ देश औलोमुक्त भइसकेका छन्। सन् २००० देखि २०२४ सम्म औलो प्रभावित देशको सङ्ख्या १०८ बाट ८० मा झरेको डा दाहालले जानकारी दिनुभयो। विश्वमा सन् २०२४ सम्म २८ करोड औलाका बिरामी देखिएका थिए। औलाको विश्वव्यापी भारमध्ये ९५ प्रतिशत हिस्सा अफ्रिकी क्षेत्रले ओगटेको तथ्याङ्क इपिडिमियोलोजीले तथा सरुवा रोग महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# भूकम्पको एक दशकः भत्किएका संरचना पुनर्निर्माणको प्रतीक्षामा

**प्रगति ढकाल**

काठमाडौँ, १३ वैशाख (रासस)।

बिर्सन खोज्दा पनि बिर्सन सकिँदैन वैशाख १२ लाई। हरेक वर्ष आउने वैशाख १२ नेपाली समाज एकैपटक अतीतमा फर्किन्छ। विसं २०७२ को भूकम्पको सम्झनाले एक पटक झस्काउँछ।

भूकम्प भएको एक दशक बिते पनि घाउ निको भएको छैन। राजधानीका गल्ली-गल्लीमा, पहाडी गाउँका पाखा-पखेरामा, अझै भत्किएका आवास ठडिन सकेको छैन। जहाँ घरभन्दा धेरै सम्झनाहरू ढलेका थिए। दशक बित्दा पनि पुनर्निर्माणको पर्खाइमा नै छन् नेपालीहरू।

भूकम्पले भत्किएका निजी आवास, विद्यालय, पुरातात्विक भवन तथा विभिन्न सरकारी भवनहरूको पुनर्निर्माणकै क्रममा छन्। विसं २०७२ वैशाख १२ गते शनिबार बिहान ११:५६ बजे गोरखाको बारपाक केन्द्रबिन्दु भएको ७.६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७९ जनाले ज्यान गुमाएका थिए। उक्त भूकम्पमा परी २२ हजार ३०९ घाइते भएका थिए।

भूकम्पले करिब १० लाख निजी आवास, सात हजार ५५३ विद्यालय, ४९ हजार ६८१ कक्षाकोठा, ५४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, ६५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो।

यसैगरी ४१५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका १७० सम्पदासहित ९२० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका ३८३ भवनमा क्षति पुगेको थियो। तीन हजार २१२ खानेपानी संरचना, ५३ सडक र २९९ मानव बस्तीमा क्षति पुगेको थियो।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको कार्यान्वयन एकाइ (भवन तथा आवास) तथा त्यसअन्तर्गतका निकायहरूबाट सम्पादन भएका आयोजनाहरूको विवरण सार्वजनिकसमेत गरेको छ। एकाइका इन्जिनियर किशोरविक्रम शाहीका अनुसार निजी आवास पुनर्निमाणतर्फ आठ लाख ३५ हजार १८५ लाभग्राही पहिचान भएकोमा आठ लाख ३४ हजार २६७ ले पहिलो किस्ता प्राप्त गरेका छन्।

पहिलो किस्ता प्राप्त गर्नेमध्ये सात लाख ७० हजार ७७४ (९२.४%) ले दोस्रो किस्ता र सात लाख ४४ हजार ४५ (८९.२%) ले तेस्रो किस्ताबापतको अनुदान रकम प्राप्त गरेको उहाँको भनाइ छ। एकाइले यस वर्षसम्म ९९ प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखे पनि करिब ८९ प्रतिशत मात्रै पुनर्निर्माणको कार्य सकिएको छ।

एकाइले निजी आवास पुनर्निर्माणअन्तर्गत भुक्तानी प्रक्रिया पूर्ण रूपमा अगाडि बढाउन नसक्नुका कारणबारे पनि स्पष्ट पारेको छ। एकाइ प्रमुख झप्परसिंह विश्वकर्माका अनुसार प्रारम्भिक चरणमा पहिचान भएका सबै लाभग्राहीले तोकिएको समयभित्र सम्बन्धित सरकारी निकायमा निवेदन नदिँदा भुक्तानी प्रक्रिया अधुरो रहन पुगेको बताउनुभयो।

"विसं २०७९ असार मसान्तसम्म हाम्रो कार्यालयमा निजी आवास निर्माण सम्पन्न गरेको भन्दै निवेदन दिने लाभग्राहीलाई भुक्तानी गरिएको छ", उहाँले भन्नुभयो, "यसरी तोकिएको अवधिभित्र रीतपूर्वक निवेदन दिने सेवाग्राहीको हकमा कुनै समस्या आएन। तर केही लाभग्राही सो अवधिसम्म पनि जिल्ला कार्यालयमा सम्पर्कमा नआएकाले सबैलाई समेटेर भुक्तानी गर्न सकिएको छैन।"

विश्वकर्माका अनुसार सुरुमा दर्ता भएका कतिपय लाभग्राही अझैसम्म सम्पर्कमा नआउँदा उनीहरूको भुक्तानी प्रक्रिया अघि बढ्न नसकेको हो। साथै, एकीकृत बस्ती निर्माण गर्ने योजनाअन्तर्गत केही स्थानमा जग्गा प्राप्तिमा देखिएको समस्याले पनि पुनर्निर्माण कार्य ढिला भएको विश्वकर्माले बताउनुभयो।

सरकारले पुनर्निर्माणलाई तीव्रता दिने प्रयास गरे पनि प्रशासनिक प्रक्रिया, लाभग्राहीको सहभागिता र जग्गा व्यवस्थापनजस्ता चुनौतीका कारण कार्यान्वयनमा ढिलाइ भइरहेको देखिएको छ।

सरकारले भूकम्पपछिको पुनर्निर्माणलाई प्राथमिकतामा राखे पनि कार्यान्वयन तहमा देखिएका यस्ता चुनौतीका कारण अझै निजी आवास निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको एकाइले जनाएको छ।

सरकारले उपलब्ध गराएको रु तीन लाख अनुदानले निजी आवास निर्माणको काम सम्पन्न नहुने र थप लगानीका लागि क्षमता नहुने सर्वसाधारणले ढिलो निर्माण कार्य थालनी गरेकोले पनि समय लागेको एकाइले जनाएको छ।

एकाइका अनुसार विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् आंशिक क्षति भई मर्मत गरिएका सरकारी भवन सङ्ख्या २५३ रहेका छन्। विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् सरकारी कार्यालयहरू सञ्चालन गर्नको लागि निर्माण भएका नमूना सङ्ख्या २८८ भने रहेका छन्।

विभिन्न १० जिल्लाहरू भूकम्पपश्चात् अस्थायी रुपले बसोबास गर्नको लागि बनाइएको सामुदायिक भवनको सङ्ख्या ७५६ परिवारका लागि निर्माण गरिएकोमा ५० वटा (हात विभिन्न उद्देश्यका लागि प्रयोग भइरहेको) एकाइले जनाएको छ।

ल्यस्सरकार तथा एसियाली विकास बैंकको सहयोगमा सम्पन्न सरकारी भवनहरूको सङ्ख्या १५१ रहेको छन्। भवन प्रवलीकरणतर्फ कूल ११ वटा राणाकालीन भवनमा आठ वटा सम्पन्न तीन वटाको प्रवलीकरण कार्य भइरहेको छ। भारतको सहयोगमा संरक्षण तथा पुनर्निर्माण भइरहेका पुरातात्विक सम्पदा आयोजना सङ्ख्या २८ छ।

यसैगरी, निर्माणाधीन आयोजना १२ वटा छन्भने एकीकृत बस्ती विकासतर्फ विभिन्न जिल्लामा ९७ वटा आयोजना सम्पन्न भइसकेका छन्। भूकम्पपछि एक हजार १२६ वटा स्वास्थ्य भवन निर्माण भएका छन्।

महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनले भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण सम्पन्न गरी विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि २०७२ सालको भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला आयोजनाका कार्यक्षेत्र थिए।

प्रतिवेदनमा भूकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण, विस्थापित भएकाहरूको पुनर्वास तथा स्थानान्तरणको काम प्रभावकारी रूपमा नभएको औंल्याइएको छ।

प्रतिवेदनमा भनिएको छ, "निजी आवास पुनर्निर्माणतर्फ आठ लाख ३४ हजार ८२१ जनासँग सम्झौता भएकोमा रु दुई खर्ब ३१ अर्ब ६१ करोड र प्रवलीकरणतर्फ ३३ हजार ९०५ जनासँग सम्झौता भएकोमा रु एक अर्ब ७४ करोड ३१ लाखसमेत रु दुई खर्ब ३३ अर्ब ३५ करोड खर्च गरेको छ।"

विसं २०८१ असार मसान्तसम्म पुनर्निर्माणतर्फ प्रथम किस्ता ५५८, दोस्रो किस्ता ३७५, तेस्रो किस्ता एक हजार ५४८ लाभग्राही र प्रवलीकरणतर्फ दोस्रो तथा अन्तिम किस्ता १ हजार ७२ लाभग्राहीलाई रु २९ करोड २५ लाख रकम भुक्तानी गर्न बाँकी रहेको भन्दै प्रतिवेदनले अनुदान सम्झौतापछि पहिलो, दोस्रो तथा अन्तिम किस्ता नलिएका लाभग्राहीको अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चितता हुनुपर्ने सुझाव दिएको छ।

भूकम्पपछिको पुनर्निर्माणमा नीतिगत अन्योल, निर्माण व्यवसायीको भूमिका र लाभग्राहीको आर्थिक क्षमतासमेत प्रमुख अवरोध बनेको पूर्वाधार क्षेत्रका जानकार बताउँछन्। यस क्षेत्रका जानकार गजेन्द्र थपलियाले "पुनर्निर्माण गर्ने कि पुनःनिर्माण गर्ने" भन्ने नीतिगत स्पष्टताको अभावका कारण सुरुदेखि नै कार्यान्वयनमा अन्योल देखिएको र जसले समग्र प्रक्रिया प्रभावित बनाएको बताउनुभयो। "कतिपयले किस्ताबापत रकम लिएर पनि निर्माण कार्य अघि बढाएनन्, समयमै रकम लिन नआउने प्रवृत्तिले समेत समस्या थपिएको छ", उहाँले भन्नुभयो।

उहाँले निर्माण लागत महँगो हुँदै जानु र धेरै लाभग्राहीको आर्थिक क्षमता कमजोर हुनु पनि पुनर्निर्माण ढिलाइको अर्को मुख्य कारण भएको बताउनुभयो। "सरकारले दिएको अनुदान मात्रै पर्याप्त नहुँदा धेरैले समयमै निर्माण सुरु गर्न सकेनन्", उहाँले भन्नुभयो।

भूकम्पपछिको पुनर्निर्माणका लागि रकम जुटाउन आयोजित दाता सम्मेलनमा रु चार खर्बभन्दा बढीको घोषणा भए पनि घोषणाअनुरुप सहयोग प्राप्त भएन। गोरखा भूकम्पबाट ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौं, रसुवा, नुवाकोट, धादिङ, गोरखा र मकवानपुर गरी १४ जिल्लामा धेरै क्षति भएको थियो।

**भूकम्पीय जोखिम कायमैः**

विसं ०७२ को भूकम्पले धेरै पाठ सिकाए पनि नेपाल स्र अझै भूकम्पीय जोखिमबाट मुक्त हुन नसकेको विज्ञहरूले बताएका छन्। खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका प्रमुख डा लोकविजय अधिकारीका अनुसार भूकम्पपछिको दशकमा केही सुधार भए पनि पूर्वतयारी र जनचेतनामा अझै कमी रहेको छ। "२०७२ सालको भूकम्पले हामीलाई के गर्ने, के नगर्ने, कसरी सुरक्षित रहने भन्ने धेरै कुरा सिकायो", उहाँले भन्नुभयो, "तर त्यत्रो मानवीय क्षति हुँदासमेत हामी फेरि बिर्सने अवस्थामा पुग्छौं कि भन्ने चिन्ता छ।"

मुलुकमा भूकम्पको जोखिम छ। विशेषगरी काठमाडौंदेखि चुरे क्षेत्रसम्म भूकम्पीय जोखिम उच्च रहेको उहाँले बताउनुभयो। भूकम्पपछि भवन निर्माण आचारसंहिता कार्यान्वयनमा आएको, संरचना बलियो बनाउन चेतना बढेको र केही स्थानमा सुधार देखिए पनि अझै पूर्ण रूपमा मापदण्ड पालना भएको छैन।

"सरकारी भवनमा मापदण्ड लागू भए पनि निजी तथा स्थानीय तहमा कार्यान्वयन अझै पूर्ण छैन", उहाँले भन्नुभयो, "जनतामा चेतना बढेको छ तर त्यो पर्याप्त छैन।"

डा अधिकारीले भूकम्पीय जोखिमबारे जनचेतना सीमित दिनहरूमा मात्र केन्द्रित हुने प्रवृत्तिप्रति पनि चिन्ता व्यक्त गर्नुभयो। "हामी वैशाख १२ जस्ता दिनमा मात्र सम्झिन्छौं, तर जोखिम त सधैं हुन्छ", उहाँले भन्नुभयो। अधिकारीका अनुसार पाठ्यक्रममा भूकम्पीय शिक्षा समावेश नहुनु, नियमित अभ्यासको अभाव र पूर्वतयारीका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु मुख्य कमजोरी हुन्। "भूकम्प अहिले नआउनु जोखिम घटेको होइन, बरु सधैं जोखिम रहेको सङ्केत हो", उहाँले भन्नुभयो।

उहाँले पूर्वतयारी, भूकम्पीय शिक्षा, खुला स्थानको

बाँकी तीन पृष्ठमा

# सरकारले ऊर्जा क्षेत्रमा देखेको चुनौती र अवसर

**रमेश लम्साल**
काठमाडौँ, १३ वैशाख (रासस)।
सरकारले मुलुकको ऊर्जा क्षेत्रमा विभिन्न १३ चुनौती रहेको ठहर गर्दै त्यसलाई समाधानका लागि प्रभावकारी पहलकदमी एवं लगानी विविधकरण तथा कानुनी सुधार गर्नुपर्ने निष्कर्ष निकालेको छ। वितरण प्रणालीको क्षमता र गुणस्तर कमजोर हुनु, औद्योगिक क्षेत्रमा गुणस्तरीय तथा विश्वसनीय विद्युत् आपूर्तिको अभाव हुनुलाई चुनौतीका रूपमा लिएको छ।

यस्तै, सरकारले घरायसी तथा व्यावसायिक क्षेत्रमा बढी विद्युत् खपत गर्ने उपकरणको प्रयोगमा वृद्धि गर्नु, कृषि, सिँचाइ तथा औद्योगिक क्षेत्रमा विद्युत् प्रयोग वृद्धि गर्नु र विद्युतीय सवारी चार्जिङ पूर्वाधारको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको छ। त्यसैगरी, डाटा सेन्टर, हरित हाइड्रोजन, मल उत्पादन गर्ने उद्योग, आधुनिक ईंटाभट्टाजस्ता विद्युत् खपत गर्ने सघन उद्योगको न्यून विकास हुनु, आन्तरिक विद्युत्को माग पूर्ति भएपश्चात् बचत भएको विद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा पुर्‍याउनु रहेको छ। यसका लागि आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन तथा सम्बद्ध संरचनाहरूको पर्याप्त विकास गर्नु पनि चुनौतीका रूपमा रहेको सरकारी निष्कर्ष छ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा विद्युत्को आन्तरिक माग पूर्ति तथा क्षेत्रीय बजारको आवश्यकताअनुसार निर्यात गर्न उपयुक्त ठूला जलाशययुक्त जलविद्युत् आयोजनाको विकास गर्नु जरुरी छ। छिमेकी मुलुकको नीति तथा नियम र नेपालको विद्युत् उत्पादन र आयात निर्यातसम्बन्धी नीति तथा प्रक्रियाबीच सामन्जस्यता कायम गर्नु, विद्युत् व्यापारमा निजी क्षेत्रको समेत सहभागिता गराउन कानुनी व्यवस्थाको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको निष्कर्ष निकालिएको छ।

नेपालमा उत्पादित विद्युत्को उच्च लागतका कारणले छिमेकी मुलुकको विद्युत् बजारमा प्रतिस्पर्धी हुनु, नेपालको राष्ट्रिय ग्रिड प्रणालीलाई छिमेकी मुलुकको ग्रिड प्रणालीस्तरमा विकास गर्नु, नेपालमा प्रतिस्पर्धी विद्युत् बजारको विकास गरी छिमेकी देशको विद्युत् बजारसँग सम्बन्धित प्रणाली निर्माण गर्नु पनि चुनौती रहेको मन्त्रालयको निष्कर्ष छ।

जलविद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा विकास गरी वार्षिक व्यापार घाटा न्यूनीकरण गर्ने उच्च सम्भावना हुनुलाई सरकारले अवसरका रूपमा लिएको छ। यातायात, घरायसी तथा औद्योगिक क्षेत्रमा विद्युत् विस्तार गरी आन्तरिक खपत उल्लेख्य रूपमा वृद्धि गर्ने सम्भावना हुनु, देशमै उत्पादित स्वच्छ विद्युत् ऊर्जाको प्रयोगमार्फत दीर्घकालीन ऊर्जा सुरक्षा सुनिश्चित गर्ने आधार हुनुलाई अवसरका रूपमा लिइएको छ।

आन्तरिक खपतपश्चात बचत हुने विद्युत्लाई द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा निर्यात गर्ने पर्याप्त सम्भावना हुनु, नेपाल र भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौताबमोजिम १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने स्पष्ट आधार तयार हुनु पनि अवसरका रूपमा रहेको छ। नेपालमा विद्युत् उत्पादन उच्च हुने याममा छिमेकी राष्ट्र भारत तथा बङ्गलादेशमा ऊर्जा माग उच्च रहनु र सो याममा उच्च विद्युत्दर प्राप्त गर्नसक्ने सम्भावना छ।

कार्बन शून्यको लक्ष्य राखेका छिमेकी मुलुकका लागि नेपालको जलविद्युत् हरित ऊर्जाको रूपमा आकर्षक विकल्प हुनु, खनिज इन्धनको प्रतिस्थापन गरी विदेशी मुद्रा बचत तथा शोधनान्तर स्थिति बलियो बनाउने विषयलाई मन्त्रालयले अवसरका रूपमा चित्रण गरेको छ। जलवायु वित्त तथा कार्बन बजारमा पहुँच वृद्धि गर्ने अवसर हुनु, ऊर्जा सघन उद्योगजस्तै डेटा सेन्टर, हरित हाइड्रोजन, रासायनिक मल कारखाना आदिको विकासमार्फत ऊर्जामा आधारित अर्थतन्त्र निर्माण गर्न सक्ने सम्भावना हुनु पनि अवसरका रूपमा रहेको छ।

सरकारले सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत एक हजार ५०० युनिट पुर्‍याउने र कुलजडित क्षमता २८ हजार ५०० मेगावाट पुर्‍याउने लक्ष्य राखेको छ। त्यसमध्ये १३ हजार ५०० मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य छ। सरकारले तय गरेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' अनुसार विद्युत् ऊर्जा निर्यातमा अपेक्षित रूपमा वृद्धि हुनेछ। व्यापार घाटामा उल्लेख्य कमी तथा राष्ट्रिय अर्थतन्त्रमा ऊर्जा क्षेत्रको योगदानमा उल्लेख्य रूपमा वृद्धि हुनुलाई अपेक्षित उपलब्धिका रूपमा लिइएको छ।

रणनीति कार्यान्वयनमा आएपछि प्रतिव्यक्ति विद्युत् खपत करिब एक हजार ५०० युनिट पुग्नुका साथै शतप्रतिशत जनसङ्ख्यामा भरपर्दो विद्युत् पहुँच सुनिश्चित हुनेछ। विद्युत् निर्यात बढ्दै औसत निर्यातदर र राजस्वमा वृद्धि हुनेछ। आन्तरिक खपत भई बचत हुने विद्युतको प्रभावकारी बजार व्यवस्थापन सुनिश्चित हुनेछ। यस्तै, वातावरणीय प्रदूषणमा कमी आउने तथा दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुग्नेछ।

# बालश्रमसम्बन्धी ऐनलाई कार्यान्वयनयोग्य बनाउन विभिन्न सुझाव पेस

काठमाडौँ, १३ वैशाख (रासस)।
बालअधिकार, श्रमिक अधिकार र सामाजिक न्यायका क्षेत्रमा क्रियाशील नागरिक संस्थाहरूले बालश्रम अन्त्यका लागि बालश्रमसम्बन्धी ऐनलाई कार्यान्वयनयोग्य बनाउन आग्रह गरेका छन्।

बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ लाई प्रतिस्थापन गर्न तयार गरिएको विधेयक, २०८३ को मस्यौदामाथि सुझाव प्रस्तुत गर्दै ती संस्थाहरूले यस्तो आग्रह गरेका हुन्।

विभिन्न १७ वटा नेटवर्क, बालश्रम विज्ञ, सातै प्रदेशमा कार्यरत एक सयभन्दा बढी सामाजिक संस्थाका प्रतिनिधिबीच बृहत् छलफल गरी शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय उक्त सुझाव लिखित रूपमै हस्तान्तरण गरिएको राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष मधु गुरुङ जानकारी दिनुभयो।

मन्त्रालयमा आयोजित एक कार्यक्रममा राष्ट्रिय कार्य समन्वय समितिका अध्यक्ष ऋतु भट्ट राई, राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष गुरुङ, सिएओ फोरम बागमती प्रदेश संयोजक एवं जिएनबी नेपालका अध्यक्ष प्रकाश खतिवडा र बाल सल्लाहकार परिषद्का अध्यक्ष धरिन्द्र बिसीलगायतले संयुक्त रूपमा सुझावपत्र हस्तान्तरण गरेका उहाँले बताउनुभयो।

"मन्त्रालयले वेवसाइटमार्फत आमनागरिक तथा सरोकार भएकाहरूसँग सुझाव आह्वान गरेपछि देशभर बालश्रम क्षेत्रमा कार्यरत एक सयभन्दा बढी संस्थाका प्रतिनिधि, बालश्रमिक, पूर्वबाल श्रमिक र बालबालिकाको सहभागितामा व्यापक छलफल गरी मस्यौदामा सुझाव सङ्कलन गरिएको थियो", सञ्जालका अध्यक्ष गुरुङले भन्नुभयो, "दिगो विकास लक्ष्य ८ (७) का लागि नागरिक मञ्च, राष्ट्रिय बाल संरक्षण सञ्जाल तथा राष्ट्रिय कार्य समन्वय समूहको समन्वयमा सम्पन्न छलफलमा ट्रेड युनियन, अन्तरराष्ट्रिय संस्था तथा विकास साझेदारहरूको समेत सक्रिय सहभागिता रहेको थियो।"

जिएनबी नेपालका अध्यक्ष खतिवडाले १७ वटा नेटवर्क, बालश्रमका विज्ञ, सातै प्रदेशमा कार्यरत सामाजिक संस्था, ट्रेड युनियन तथा कार्पेट उद्योग, ईंटाभट्टा, घरेलु श्रम र मनोरञ्जन क्षेत्रका बालश्रमिकसँग गरिएको विस्तृत परामर्शका आधारमा साझा सुझाव तयार पारिएको जानकारी दिनुभयो। उहाँले विधेयकलाई समयानुकूल, बालअधिकारमैत्री र कार्यान्वयनयोग्य बनाउन नागरिक समाजले एकीकृत रूपमा सुझाव दिइएको बताउनुभयो।

राष्ट्रिय कार्य समन्वय समितिका अध्यक्ष भट्टराईले मस्यौदामा बालश्रम नियन्त्रण, अनुगमन संयन्त्र सुदृढीकरण, दण्ड व्यवस्था परिमार्जन तथा पीडित बालबालिकाको पुनर्स्थापना र सामाजिक सुरक्षा सुनिश्चितता जस्ता विषयलाई विशेष जोड दिइएको बताउनुभयो।

बाल सल्लाहकार परिषद्का अध्यक्ष बिसीले सातै प्रदेशका बालश्रमिक तथा बाल क्लबमा आबद्ध बालबालिकाको आवाज सुझावपत्रमा समेटिएको उल्लेख गर्दै बालबालिकाको अनुभवका आधारमा कानुन निर्माण हुनु आवश्यक रहेको बताउनुभयो।

सुझावपत्र ग्रहण गर्दै सहसचिव आचार्य र उपसचिव शर्माले नागरिक संस्थाहरूले प्रस्तुत गरेका सुझावलाई मन्त्रालयले ऐनमा समेट्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

### *बिपी राजमार्गमा ...*

वर्षाका कारण रोशी खोलामा पानीको वहाव बढ्दा राजमार्गमा यसअघि निर्माण गरिएको अस्थायी डाइभर्सन बगाउने गरेको थियो। गतसालको बाढीपहिरोले रागमार्गको रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो। यस्तै गत चैत तेस्रो साता पनि सोही क्षेत्रको विभिन्न स्थानको ४ किमी बगाएपछि पुनः अस्थायी डाइभर्सन निर्माण गरिएको थियो।

यसैबीच राजमर्गा अवरुद्ध भएपछि सवारी साधनहरूलाई अहिले राजमार्गको प्रवेशमार्ग धुलिखेलको काभ्रेभञ्ज्याङ र सिन्धुलीको नेपालथोकमा 'होल्ड' गरेर राखिएको जनाइएको छ। गतसाल असोजको बाढीपहिरोले चौकीडाँडा-नेपालथोक सडकखण्ड पूर्णरूपमा क्षतिग्रस्त बनाएपछि खोलाबाटै अस्थायी सडक एवं डाइभर्सन बनाएर यातायातका साधन सञ्चालन गर्दै आइएको थियो। हाल त्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

### *भूकम्पको ...*

संरक्षण र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिनुपर्ने बताउनुभयो। "हामीले धेरै कुरा सिक्यौँ, तर अझै सिक्न बाँकी छ", उहाँले भन्नुभयो, "पूर्वतयारीलाई प्राथमिकता नदिए भविष्यमा जोखिम झन बढ्न सक्छ।" उहाँ २०७२ पछि भूकम्पसम्बन्धी अध्ययन तथा अनुसन्धानमा केही प्रगति हुनु सकारात्मक ठान्नुहुन्छ।

## विश्व समाचार

### पाकिस्तानमा तय इरान–अमेरिका वार्ता अनिश्चित, यात्रा रद्द

वासिङ्टन, १३ वैशाख (रासस/एपी)।
संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको सम्भावित दोस्रो चरणको वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहेका अमेरिकी प्रतिनिधिमण्डलको यात्रा रद्द गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै लामो यात्रा समय, कार्यभारको चाप तथा इरानी नेतृत्वभित्र देखिएको असमझदारीका कारण उक्त निर्णय गरिएको उल्लेख गर्नुभएको छ।

राष्ट्रपति ट्रम्पले अमेरिकासँग वार्तामा सबै आवश्यक शक्ति रहेको बताउँदै यदि इरान पक्षले संवाद गर्न चाहन्छ भने सिधै सम्पर्क गर्न सकिने धारणा व्यक्त गर्नुभएको छ। यसअघि पनि उहाँले आफ्ना ज्वाइँ जेरेड कुश्नर र विशेष दूत स्टीभ विटकोफको पाकिस्तान भ्रमण स्थगित गरिएको जानकारी गराउनुभएको थियो।

यसैबीच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले पाकिस्तानको औपचारिक भ्रमण सम्पन्न गरी इस्लामाबाद छोड्नुभएको छ। उहाँले पाकिस्तानको शान्ति प्रयास तथा मध्यस्थ भूमिकाको प्रशंसा गर्दै यसलाई फलदायी भ्रमणका रूपमा वर्णन गर्नुभएको छ भने अमेरिकी पक्षको कूटनीतिक प्रतिबद्धताबारे प्रश्नसमेत उठाउनुभएको छ।

उता, अमेरिका र इरानबीचको तनावपूर्ण अवस्थाका बीच फारसको खाडी क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको छ। अमेरिकी नौसेनाले समुद्री मार्ग सुरक्षित गर्न खानी हटाउने कार्य जारी राखेको छ भने होर्मुज जलडमरूमध्यमा व्यापारिक जहाजहरूको आवागमन सहज बनाउन प्रयास भइरहेको जनाइएको छ।

### कोलम्बियामा बम आक्रमण : ७ जनाको मृत्यु, २० भन्दा बढी घाइते

बोगोटा, १३ वैशाख (रासस/सिन्ह्वा)।
कोलम्बियाको काउका विभागस्थित काजिबियो नगरपालिकामा शनिबार भएको बम आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भएको छ भने बीसभन्दा बढी व्यक्ति घाइते भएका छन्।

रिपोर्टका अनुसार काली र पोपायान जोड्ने पान-अमेरिकी राजमार्गको एल टुनेल क्षेत्रमा गुडिरहेको बसमा बम प्रहार गरिएको थियो, जसले बसको छाना र झ्यालहरूमा गम्भीर क्षति पुर्‍याएको छ साथै राजमार्गमा पनि नोक्सानी भएको देखिन्छ।

प्रत्यक्षदर्शी चालकहरूका अनुसार हतियारधारी व्यक्तिहरूले एक ट्रक र बस अपहरण गरी सडक अवरुद्ध बनाएका थिए र ती सवारीसाधनहरूमा एक विद्रोही समूहसँग सम्बन्धित नाराहरू लेखिएका थिए।

काउका विभागका गभर्नर अक्टाभियो गुज्मानले यसलाई नागरिकमाथिको अन्धाधुन्ध आक्रमण भन्दै कडा निन्दा गरेका छन् र सुरक्षा निकायहरू घटनास्थलमा खटिएको जानकारी दिँदै प्रभावित क्षेत्रमा जनताको सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय सरकारलाई ठोस कदम चाल्न आग्रह गरेका छन्।

### इराकमा लगातार ड्रोन आक्रमण, नागरिक क्षेत्रमा ठूलो क्षति

बग्दाद, १३ वैशाख (रासस/सिन्ह्वा)।
इराकको अर्ध-स्वायत्त कुर्दिस्तान क्षेत्रमा फेब्रुअरी २८ देखि अप्रिल २० सम्म ड्रोन र क्षेप्यास्त्रबाट ८०९ आक्रमण भएको स्थानीय अधिकारीहरूले बताएका छन्। ती आक्रमणमा २० जना सर्वसाधारणको मृत्यु भएको छ भने १२३ जना घाइते भएका छन्। कुर्दिस्तान क्षेत्रीय सरकारको सञ्चार तथा सूचना विभागले जारी गरेको विज्ञप्तिअनुसार अधिकांश आक्रमण नागरिक क्षेत्रलाई लक्षित गरेर गरिएको थियो, यद्यपि क्षेत्रले जारी क्षेत्रीय द्वन्द्वमा तटस्थता घोषणा गरेको छ।

विज्ञप्तिमा नागरिक र निजी क्षेत्रले सबैभन्दा बढी मानवीय तथा भौतिक क्षति बेहोरेको उल्लेख गरिएको छ। एरबिल प्रान्तमा सबैभन्दा धेरै ४७७ आक्रमण भएका छन्, जसमा ४१९ ड्रोन आक्रमण र ५८ क्षेप्यास्त्र आक्रमण समावेश छन्। ती आक्रमणमा १० जनाको मृत्यु भएको छ भने ८३ जना घाइते भएका छन्।

कुर्दिस्तान क्षेत्रीय सरकारले विभिन्न 'आधारहीन बहानामा' नागरिक क्षेत्रमा आक्रमण गरिएको जनाएको छ। यी आक्रमणहरू फेब्रुअरी २८ देखि सुरु भएको संयुक्त अमेरिकी-इजरायली आक्रमणपछि क्षेत्रीय तनाव बढेका बेला भएका हुन्, जसको प्रतिक्रिया स्वरूप इरान र उसका सहयोगीहरूले मध्यपूर्वभर अमेरिकी र इजरायली स्वार्थलाई लक्षित गर्दै आक्रमण गरेका छन्।

# ‘रेल सेवालाई व्यावसायिक बनाउन कार्गो सेवा विस्तार गर्नुपर्छ’

धनुषा, १३ वैशाख (रासस)।

नेपाल रेल विभागका महानिर्देशक हरिकुमार पोखरेलले रेल सेवालाई दिगो र व्यावसायिक बनाउन मालवाहक (कार्गो) सेवा अनिर्वाय विस्तार गर्नुपर्नेमा जोड दिनुभएको छ।

जनकपुरधाममा आयोजित छलफल कार्यक्रममा उहाँले मुलुकमा रेल्वे सेवा, वर्तमान अवस्था, भविष्यका सम्भावना र आवश्यक सुधारका उपायबारे प्रकाश पार्दै यात्रु ओसारपसार मात्रै नभई मालसामान ढुवानीलाई प्राथमिकतामा राख्नुपर्ने विचार व्यक्त गर्नुभयो।

“रेल सेवालाई आत्मनिर्भर र नाफामुखी बनाउन मालवाहक सेवा विस्तार गर्नु आवश्यक छ”, उहाँले भन्नुभयो, “यसले राजस्व वृद्धि मात्र होइन, समग्र आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्नेछ।”

महानिर्देशक पोखरेलले रेल पूर्वाधार विस्तार, आधुनिक प्रविधिको प्रयोग र सेवा गुणस्तर सुधारमार्फत नेपाल रेल्वेलाई प्रतिस्पर्धी बनाउने योजनामा सरकार अघि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले निजी क्षेत्रसँगको सहकार्य, समन्वय र सहलगानीमार्फ सरकार अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

छलफलमा जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्रकुमार भण्डारीले रेल सेवाको प्रभावकारी सञ्चालनले मधेस प्रदेशको औद्योगिक र व्यापारिक विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले स्थानीय उद्योगी-व्यवसायीका आवश्यकताअनुसार सेवा विस्तार गर्नुपर्नेमा जोड दिँदै रेलमार्गलाई व्यापारिक ढुवानीका लागि उपयोगी बनाउने नीति आवश्यक रहेको विचार व्यक्त गर्नुभयो।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष निर्मल चौधरी, प्रकाशचन्द्र साह, शिवशङ्कर साह, श्यामप्रसाद साहलगायतले रेल सेवाको दिगो विकासका लागि पूर्वाधार सुदृढीकरण, समयतालिका व्यवस्थापन र सेवा विश्वसनीयता बढाउन सुझाव दिनुभएको थियो। उहाँहरूले भारतसँगको रेल सञ्जाललाई प्रभावकारी रूपमा उपयोग गर्दै सीमा क्षेत्रको व्यापार प्रवर्द्धनमा जोड दिनुपर्ने आवश्यकता औंल्याएको छ।

कार्यक्रममा सहभागीहरूले नेपाल रेल्वेको समुचित व्यवस्थापन र दीर्घकालीन रणनीतिमार्फत देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउन सकिने बताउनुभयो। उहाँहरूले रेल सेवा विस्तार भएसँगै धार्मिक पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो।

# खुला नाकाबाट सोझै वीरगन्ज भित्रिन्छ भारतीय तरकारी

पर्सा, १३ वैशाख (रासस)।

सीमावर्ती भारतीय बजार रक्सौलबाट लुकीछिपी वीरगन्जमा क्वारेन्टिन जाँच नगरिएका ताजा तरकारी भित्रिने गरेका छन्। वीरगन्जको सीमावर्ती बजार रक्सौलबाट पर्सा र बारा जिल्लासँग जोडिएका खुला सीमानाकाको फाइदा उठाउँदै दैनिक साइकलमार्फत ताजा तरकारी भित्रिने गरेको छ। यहाँ दैनिक ‘क्यारिङ’ गर्ने साइकल चालकले ताजा तरकारी र फलफूल वीरगन्ज ल्याउने गर्छन्।

पर्सा र बारासँग सीमा जोडिएको बाराको विश्रामपुर गाउँपालिका, वीरगन्ज महानगरको नगवा, इनर्वालगायत खुला नाकाको फाइदा उठाउँदै साइकल चालकले दैनिक तरकारी तथा फलफूल भित्र्याउने गरेका छन्। उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य अजित भुजेलले खुला सीमानाकाबाट क्वारेन्टिन जाँचबिनै भित्रिने तरकारी तथा फलफूलले जनस्वास्थ्यमा असर पार्ने भएकाले पनि नियन्त्रणमा लिनुपर्ने बताउनुभयो।

“खुला सीमानाकाको फाइदा उठाउँदै विभिन्न समूहले छपकैया, इनरुवा, विश्रामपुरलगायत स्थानबाट साइकलमार्फत दैनिक ठूलो मात्रामा तरकारी भित्र्याउने गरेका छन्”, उहाँले भन्नुभयो, “स्थानीय प्रशासन र सशस्त्र प्रहरीले त्यसमा ध्यान दिन जरुरी छ।”

वीरगन्जमा दैनिक साइकल चालकले बिहान सबेरैदेखि प्रतिसाइकलमा क्वारेन्टिन जाँचबिनै भारतीय तरकारी भित्र्याउने गरेका छन्। स्थानीय प्रशासन तथा सीमाक्षेत्रमा खटिएको सशस्त्र प्रहरीले कारबाही प्रक्रिया अघि बढाउन सकेको छैनन्। प्रमुख जिल्ला अधिकारी भोला दाहालले भन्सार प्रक्रिया पूरा गरेर क्वारेन्टिन जाँचमा योग्य भएका भएका तरकारी तथा फलफूलमात्र भित्र्याउन पाइने बताउनुभयो। “क्वारेन्टिन जाँचबिनै ताजा तरकारी तथा फलफूल ल्याउन पाइँदैन”, उहाँले भन्नुभयो, “कोही कसैले ल्याएका रैछन् भने आवश्यक अनुगमन गरेर नियन्त्रणमा लिइनेछ।”

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले पर्साको सीमा क्षेत्रबाट भन्दा पनि बाराको विश्रामपुर गाउँपालिकासँग जोडिएको सीमावर्ती क्षेत्रबाट क्वारेन्टिन जाँचबिनै तरकारी भित्रिएर वीरगन्ज बजारमा पुग्ने गरेको बताउनुभयो।

# १२ दिनमै २३ जनाको मृत्यु, ७३ जना घाइते

काठमाडौँ, १३ वैशाख (रासस)।

विभिन्न विपद्‌जन्य घटनामा परेर यो महिनाको १२ दिनमै २३ जनाको मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ गतेदेखि १२ गतेसम्म भएका ४२२ वटा विपद्‌का घटनामा उनीहरूको मृत्यु भएको छ।

ती घटनाबाट ७३ जना घाइते भएका र ५२७ परिवार प्रभावित भएका प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा बढी सात जनाको आगलागीमा परे ज्यान गएको छ।

चटयाङबाट चार, हावाहुरीका कारण चार, लेक लागेर दुई, डुङ्गा पल्टिँदा दुई जनाको मृत्यु भएको छ। यस्तै वन डढेलोबाट एक, सर्पदंशबाट एक, जनावरको आक्रमणबाट एक र पहिरोबाट एक जनाको मृत्यु भएको छ।

घाइते हुनेमा पनि सबैभन्दा बढी आगलागीबाट २४ जना रहेका छन्। सर्पदंशबाट १९ र जनावरको आक्रमणबाट १३ जना घाइते भएका प्राधिकरणले जनाएको छ।

पछिल्लो २४ घण्टामा मात्रै विपद्‌जन्य घटनामा तीन जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएका प्राधिकरणले जानकारी दिएको छ।

प्राधिकरणले विपद्‌जन्य घटनाका सावधानी अपनाउन र घटना भएमा तत्काल सम्बन्धित ‘फोकल पर्सन’ वा प्रहरी कार्यालय तथा प्रशासन कार्यालयमा जानकारी गराउन अनुरोध गरेको छ।

# सरकारले अध्यादेश ल्याए केपी ओलीको हालत हुन्छ : ज्ञानेन्द्र शाही

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ बैशाख।**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संसदीय दलका नेता ज्ञाबहादुर शाहीले सरकारलाई संसदबाट नभागेर विधायकी प्रक्रियामार्फत जनताको समस्या समाधान गर्न आग्रह गरेका छन्।

आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै शाहीले सरकारले कानून निर्माणभन्दा अध्यादेशमार्फत शासन चलाउने प्रयास गरे गम्भीर राजनीतिक परिणाम भोग्नुपर्ने चेतावनी पनि दिए।

‘ऐन बनाउने त संसदले होला नि। अध्यादेश ल्याउँछु भनेर ठान्नुभएको होला त्यसो गर्यो भने केपी ओलीको हालत हुन्छ। संसद हुँदाहुँदै अध्यादेशबाट काम थालनी नगर्नुस्,’ शाहीले भने।

पार्टीका प्रवक्तासमेत रहेका शाहीले संसद जनताको आवाज बोल्ने थलो र सरकार त्यसको कार्यान्वयन गर्ने संयन्त्र भएको उल्लेख गर्दै सरकार बलियो हुँदा संसदको आवश्यकता अझ बढी हुने बताए।

उनले सुकुमवासी समस्या, भूमिसुधार ऐनको अड्किएको अवस्था तथा भूमि व्यवस्थापनजस्ता विषय संसदबाटै कानुन बनाएर समाधान खोज्नुपर्ने धारणा पनि राखे।

‘जब सरकार बलियो हुन्छ तब संसदको आवश्यकता झन् ठहरिन्छ। किनकी हामी प्रजातान्त्रिक अभ्यासमा छौं। कानुन बनाउनुपर्ने छ। अहिले सुकुमवासीको समस्या छ,’ शाहीले भने, ‘अहिले कानुन नबनाइकन सुकुम्बासीको व्यवस्थापन गर्न सक्नुहुन्छ रु अहिले अड्केको भूमिसुधार ऐनले होइन रु अनि भूमिसुधार ऐन कसले बनाउने हो रु रास्वपाको सरकारले बनाउने हो कि सरकारले बनाउने हो रु’

अन्तरसरकारी समन्वयो अभावका कारण संघ सरकारले गर्ने कतिपय निर्णयहरु प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने नगरेको भन्दै यस विषयमा सरकार गम्भीर बन्नुपर्ने उनको भनाइ थियो।

‘संसद् चलाउनुहोस्। संसदबाट नभाग्नुहोस्। संसद् भनेको जनताको आवाज बोल्ने थलो हो भने सरकार त्यसको कार्यान्वयन गर्ने हो,’ उनले भनेका छन्।

मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

मानसिक समस्याका लक्षण:
- निराश हुनु,
- तनाव तथा चिन्ता महशुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- विनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

मानसिक समस्या निदानको लागि:
- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*